श्री ५ को सरकारबाट स्वीकृतः २०६१।५।१५
31 August 2004

# जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१

## पृष्ठभूमिः

भौगोलिक एवं पर्यावरणीय विविधताको फलस्वरुप उपलब्ध जैविक विविधता नेपाल अधिराज्यको तुलनात्मक लाभको क्षेत्र रही आएको छ । विविध प्रकारका पारिस्थितिकीय प्रणाली (Ecosystem) को उपलब्धताको कारण नेपाल जैविक विविधताको अथाह भण्डारको रुपमा विश्वसामु परिचित हुन पुगेको छ र यस किसिमको विविधताको दिगो र बुद्धिमत्तापूर्ण उपयोग गरी नेपाल र नेपाली जनताको आर्थिक एवं सामाजिक रुपान्तरण गर्नु पर्ने अवसर र चुनौती दुबै हाम्रो सामु विद्यमान छन् ।

नेपालमा हाल करीब ११८ किसिमका पारिस्थितिकीय प्रणालीहरु रहेको अनुमान गरिएको छ र यस किसिमको विविधताभित्र करीव ५८८४ प्रजातिका फूल फुल्ने र अन्य फूल नफुल्ने गरी जम्मा १००९१ प्रजातिहरु सूचीकृत भैसकेका छन् । यी मध्ये करिव ७०० जति प्रजातिहरुको औषधीय महत्व पत्ता लागेको छ । औषधीय महत्व रहेको भनिएका २३८ किसिमका वानस्पतिक प्रजातिहरुको रासायनिक परीक्षण समेत भैसकेको छ ।

मानव स्वास्थ्यमा अत्यन्तै महत्वपूर्ण भूमिका खेल्ने हुँदा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारसंग सम्बन्धित वानस्पतिक प्रजातिहरुको महत्व अत्यन्तै उच्च रहेको तथ्य निर्विवाद छ । त्यसै गरी सौन्दर्य प्रसाधन लगायतका अन्य कार्यहरुमा उपभोग हुने सुगन्धित वनस्पति (Aromatic Plants) हरुको आर्थिक संभाव्यतामा पनि क्रमिक बृद्धि हुँदै गैरहेको छ । यस्ता जडीबुटीहरुको वैज्ञानिक एवं व्यावसायिक ढंगले खेती विस्तार गरी कृषि प्रयोजनको लागि सामान्यतः अनुपयुक्त एवं अनुत्पादक ठहरिएको सीमान्त भूमिको उत्पादकत्व अभिवृद्धि गर्ने, वातावरण संरक्षणमा मद्दत पुऱ्याउने र गरिव एवं सीमान्त परिवारहरुको आर्थिक स्थितिमा वाञ्छित सुधार ल्याउने दृष्टिकोण अवलम्बन गर्नु वाञ्छनीय भएको छ ।

नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरिसकेको अवस्थामा यहाँ उपलब्ध प्रचुर जैविक विविधताको संरक्षण एवं दिगो उपयोगको सिलसिलामा हामीकहाँ समान रुपमा अवसर र चुनौतीहरु उपलब्ध छन् । मानव स्वास्थ्यको लागि अत्यन्तै उपयोगी ठहरिएका र विश्वमै दुर्लभ ठानिएका वानस्पतिक प्रजातिहरु एवं तिनीहरुको उपयोगसँग कानुनी रुपमै हक स्थापित गर्नु पर्ने चुनौती एकातिर विद्यमान छ भने अर्कोतिर यस्ता माध्यमद्वारा आर्थिक लाभहरु हासिल गर्ने असीमित अवसरहरु पनि हामीसँग उपलब्ध छन् ।

नेपालमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको खेती, संकलन, बेचबिखन र उपयोग लगायतका कार्यहरु परम्परागत ढंगबाटै हुने गरेको हुँदा अपेक्षित लाभ लिन नसकिएको स्थिति छ । अन्तर्राष्ट्रिय बजारमा बढी माग भएका जडीबुटीहरुको खेती विस्तार प्रविधिलाई सर्वसाधारण किसानको पहुँचसम्म सहज ढंगले प्रशोधन(Processing), सम्वेष्टन (Packaging) जस्ता कार्यहरु मार्फत मूल्य अभिवृद्धि (Value addition) गरी अधिकांश फाइदा नेपालभित्रै रहन सक्ने वातावरण तयार गर्नु पनि उत्तिकै वाञ्छनीय देखिन्छ ।

चालु दशौं पंचवर्षीय योजनाले निर्दिष्ट गरे अनुरुप नेपाल अधिराज्यका विभिन्न क्षेत्रहरुमा रोजगारी अभिवृद्धि, निकासी प्रबर्द्धन एवं आय आर्जनको प्रमुख स्रोतको रुपमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन, एवं बजार ब्यवस्थापन गरी यसबाट हुने आयमा समाजका विपन्न महिला र पिछडिएका वर्गहरुको पहुँच बढाई समग्र रुपमा गरिवी न्यूनीकरणमा वाञ्छित योगदान पुऱ्याउने वातावरण तयार गर्न पनि उपयुक्त नीतिगत संरचनाको आवश्यकता महसुस गरी विद्यमान कानून र वन नीतिमा पनि जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको संरक्षण र सदुपयोगका लागि स्पष्ट आधार नभएकाले छुट्टै नीतिको आवश्यकता महसुस गरिएको हो ।

जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको समग्र विकासको सन्दर्भमा निर्माण हुन लागेको नीतिगत व्यवस्था र आगामी दिनहरुमा हुने क्रियाकलापमा नेपालको वनस्पति स्रोतको अन्वेषण, पहिचान, अनुसन्धान र प्रविधि विकास कार्यमा सम्वन्धीत निकायको भूमिका विशेष जिम्मेवारीपूर्ण रहनेछ ।

श्री ५ को सरकारले हाल अवलम्बन गरेको आर्थिक उदारीकरण एवं खुलापनको नीतिको सापेक्षतामा जडीबुटी एवं अन्य गैरकाष्ठ वन पैदावारहरुको उत्पादन, संकलन, प्रशोधन, बिक्री वितरण लगायतका समस्त क्रियाकलापहरुमा पनि उदारवादी र प्रतिस्पर्धात्मक ब्यावसायिक दक्षताका संभावनाहरु मुखरित हुन सक्ने यथार्थलाई हृदयंगम गर्दै यस दिशामा ब्यावसायिक उद्यमशिलताको अभिवृद्धि गर्न उपयुक्त नीतिगत ब्यवस्था गर्नु पर्ने आवश्यकता देखिएको छ ।

हालसम्म पनि नेपालमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादन एवं बेचबिखन जस्ता कार्यहरु असंगठित रुपमै हुने गरेको परिप्रेक्ष्यमा यसबाट प्राप्त हुने फाइदालाई अधिकाधिक तुल्याउन व्यापक एवं संगठित प्रयास गरी जडीबुटी खेतीलाई उद्योगकै रुपमा विकास गरी यसका अग्र एवं पृष्ठसम्बन्ध (Forward and backward linkages) लाई मजबुत रुपमा स्थापित गरी आर्थिक समृद्धिको आधारलाई अरु दरिलो र फराकिलो बनाउनु आवश्यक देखिएको छ । सरकारको सहयोगी एवं प्रबर्द्धनकारी भूमिकामा सर्वसाधारण किसान, साना, मझौला र ठूला उद्यमी एवं व्यापारीहरु लगायतका निजी क्षेत्र तथा सहकारी क्षेत्रको सक्रिय सहभागिताबाट मात्रै यस किसिमको परिकल्पनाले मूर्तरुप लिन सक्दछ । तसर्थ नेपालमा जडीबुटी खेतीको विकास र विस्तार एवं तज्जन्य क्रियाकलापहरु मार्फत आर्थिक अभिवृद्धिका सम्भावनाहरुलाई उजागर गर्ने सिलसिलामा सरकारी, गैरसरकारी एवं निजी क्षेत्रको भूमिकालाई परिभाषित गर्ने, जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको उत्पादन कार्यमा ब्यवसायीकरण गर्ने र यस मार्फत नेपाल र नेपाली जनताको आर्थिक सामाजिक रुपान्तरण गर्ने उद्देश्यले प्रस्तुत **जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१** लागू गरिएको छ ।

## दीर्घकालीन सोच (Long Term Vision)

उच्च मूल्यका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको संरक्षण र सम्वर्धनवाट अर्थव्यवस्थामा ठोस योगदान पुऱ्याई आगामी सन् २०२० सम्म अन्तराष्ट्रिय जगतमा नेपाल अधिराज्यलाई जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको वृहत भण्डारको रुपमा परिचित तुल्याउनु प्रस्तुत नीतिको दीर्घकालीन सोच हुनेछ ।

## उद्देश्यहरु (Objectives):

१. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको प्राकृतिक स्रोतको संरक्षण र सम्वर्धन गरी दिगो विकासको अवधारणा अनुरुप उपलब्ध जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको पुनरुत्थान (regeneration) एवं पुनरुत्पादन (reproduction) प्रक्रियामा प्रतिकुल असर नपुऱ्याइकनै तिनीहरुको दिगो संकलन तथा ब्यवस्थापन हुने गरी प्रशोधन, उत्पादन र विक्री वितरण प्रक्रिया मार्फत आर्थिक एवं पर्यावरणीय फाइदालाई अधिकतम तुल्याउने ।

२. महत्वपूर्ण जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको ब्यावसायिक खेतीलाई प्रोत्साहन गरी वानस्पतिक प्रजातिहरुको परस्थानीय संरक्षण (ex-situ conservation) मार्फत राष्ट्रिय आय एवं रोजगारी अभिवृद्धिमा टेवा पुऱ्याउने ।

३. संकलित जडीबुटीहरु एवं गैरकाष्ठ वन पैदावारहरुको प्रारम्भिक प्रशोधनको काम स्थानीय स्तरमै गरी दुर्गम तथा अति दुर्गम र ग्रामीण क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु बढाउने र संकलन केन्द्र तथा व्यापारिक केन्द्रहरुमा प्रशोधन लगायतका मूल्य अभिवृद्धिका कार्यहरु गरी स्थानीय आर्थिक गतिविधिहरुको अभिवृद्धि हुने गरी निजी क्षेत्र, स्थानीय निकाय लगायत अन्य क्षेत्रको सहभागितालाई बढावा दिने ।

४. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादनलाई ब्यावसायिक रुपमा प्रतिस्पर्धात्मक तुल्याउन आवश्यक पर्ने पुँजी, पूर्वाधार, प्राविधिक ज्ञान र शीपको विकास तथा बजार ब्यवस्थापनमा सहयोग पुऱ्याई स्थानीय जनताको जीवनस्तरमा वाञ्छित सुधार गरी गरिवी निवारणमा योगदान पुऱ्याउने ।

५. जडीबुटी एवं अन्य गैरकाष्ठ वन पैदावारहरुको संकलन, प्रशोधन, उत्पादन र बिक्री वितरण लगायतका कार्यहरुमा समाजका पिछडिएका, विपन्न र महिला वर्गहरुको सहभागितालाई सुनिश्चित तुल्याई प्राकृतिक स्रोत ब्यवस्थापन मार्फत लैंगिक एवं सामाजिक मूलप्रवाहीकरणको प्रक्रियालाई बढावा दिने ।

६. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादनलाई प्रतिश्पर्धात्मक रुपमा अन्तराष्ट्रिय बजारमा विक्री वितरण प्रकृया मार्फत विदेशी मुद्रा आर्जन गर्ने ।

## नीतिः

## १. दिगो विकासको अवधारणाको आधारमा संरक्षण र सदुपयोग गर्ने

१. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको प्राकृतिक स्रोतको सर्भेक्षण गरी संकलन गर्ने उपयुक्त मापदण्डका प्रणालीहरु (Good harvesting practices) को आधारमा ब्यवस्थापन प्रक्रिया अपनाईनेछ । ब्यवस्थापन गर्दा वर्तमान स्रोतको संरक्षण र स्रोतको वृद्धिलाई ध्यानमा राखी यसको उपयोग र उपभोग गर्ने प्रक्रिया अपनाईनेछ ।

२. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको क्षेत्रमा भएका नीति तथा गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कनको कार्यमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावार समन्वय समितिको प्रमुख भूमिका रहने छ ।

३. स्वस्थानीय (In-situ) र परस्थानीय (Ex-situ) दुवै पद्धतिद्वारा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको ब्यवस्थापन गरी लोप हुन लागेका वनस्पतिको संरक्षण गरिनेछ ।

४. राष्ट्रिय वा अन्तर्राष्ट्रिय वा दुवै बजारको मागको स्थिति पहिल्याएर माग भएका जडीबुटीहरुको निरन्तर आपूर्तिको लागि खेतीबाट वा वन जंङ्गलबाट वा दुवैबाट आपूर्तिको ब्यवस्था मिलाईनेछ ।

५. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको उपलब्धताको अध्ययन गरी कुनै खास क्षेत्रलाई “जडीबुटी क्षेत्र” तोक्ने र त्यस्ता जडीबुटीको विकास, ब्यवस्थापन र संरक्षण सम्बन्धी कार्यक्रमहरुमा स्थानीय निकायको सहभागिता समेत जुटाई गहन रुपमा लागू गरिनेछन् ।

६. जिल्लामा उपलब्ध जडीबुटी तथा गैरकाष्ठ वन पैदावार स्रोतको संकलनमा प्रतिस्पर्धात्मक वातावरण कायम गरी त्यसबाट स्थानीय वासिन्दा र उद्यमीहरुलाई अधिकतम लाभ प्राप्त हुने स्थिति श्रृजना गर्न जोड दिइनेछ ।

७. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको समग्र विकासको लागि छुट्टै अल्पकालीन तथा दीर्घकालीन गुरुयोजना तयार गरी लागू गरिनेछ ।

## २. जनसहभागितालाई प्रोत्साहन गरिने ।

८. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको ब्यवसायीकरणको लागि प्राकृतिक स्रोतमात्र पर्याप्त नहुने भएकोले कवुलियती वन, सामुदायिक वन तथा अन्य निजी एवं समूहगत रुपमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको खेतीकालागि प्रोत्साहित गरिनेछ । यस्तो कार्यमा गरिवीका रेखामुनी रहेका महिलाहरुलाई विशेष

प्राथमिकताका साथ अधिकतम लाभ हुने गरी जनसहभागिता जुटाईनेछ । यसमा संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रको समूह समितिका साथै कृषि समूहलाई समेत सहभागी गराइनेछ ।

९. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको बजार व्यवस्थापनको लागि उत्पादक, संकलनकर्ता तथा विक्रिकर्ताहरुको संजाल स्थापना गरिनेछ । बिक्री वितरण र निकासीको व्यवस्था गर्दा वा उद्योग स्थापना गर्दा निजी तथा सहकारीको अवधारणा समेतलाई जोड दिईनेछ ।

१०. स्वदेशभित्र प्रशोधन गर्न सकिने जडीबुटी एवं गैरकाष्ठ वन पैदावारका हकमा स्थानीय स्तरमा नै मूल्य अभिवृद्धि गर्न सरकारी, निजी तथा सम्बद्ध स्थानीय निकाय एवं अन्य संघ/संस्थाहरुलाई समेत प्रोत्साहन गरीनेछ । उल्लेखित स्रोतहरुको प्रशोधनका लागि आवश्यक पूर्वाधारहरुको विकास गर्दै लगिनेछ ।

## ३. प्रमाणीकरण र कर प्रणाली सरलीकृत गरिने ।

११. निजी स्तरमा खेती गरी उत्पादन भएका जडिबुटी एवं गैर काष्ठ वन पैदावारको प्रमाणीकरण र कर प्रक्रियालाई सरलीकृत गरिनेछ ।

१२. निजीस्तरबाट उत्पादन भएका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुलाई प्रशोधनकर्ताले प्रशोधन वा प्रशोधन नगरिकनै खुला रुपमा बिक्री वितरण गर्न सक्ने व्यवस्था मिलाईनेछ ।

१३. दिगो व्यवस्थापन गरी संकलन गरिएका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको हकमा वन प्रमाणीकरण (Forest Certification) को व्यवस्था मिलाईनेछ । यस्ता वनवाट उत्पादित वस्तुहरुको प्रमाणीकरणको साथै जैविक खेती (Organic Farming) को प्रमाणिकरणको कार्य पनि प्रारम्भ गरिनेछ ।

१४. बनस्पतिको विशेषता (Characterization), उपलब्धता (Mapping) र आनुवांशिक भिन्नता को पहिचान, अभिलेखिकरण गर्न मौजुदा प्रयोगशालाको सुदृढीकरण गरिनेछ र जैविक प्रविधि (Biotechnology) सम्बन्धी साधन सम्पन्न आधुनिक प्रयोगशालाको स्थापना गरी उपयुक्त प्रविधिको विकास गरिनेछ ।

१५. वनबाट संकलन हुने जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको राजस्व निर्धारण गर्दा प्राथमिक संकलनकर्ताले स्थानीय स्तरमा बिक्री गर्ने मूल्यलाई आधार मानी राजस्व तोक्ने व्यवस्था गरिनेछ । वढीमा ५/५ वर्षमा राजस्व दरको समीक्षा गर्ने व्यवस्था समेत मिलाईनेछ ।

## ४. उपयुक्त प्रविधि र विकासको प्रतिफल जनसमुदाय समक्ष पुऱ्याउने

१६. व्यवसायीकरण हुनसक्ने संभाव्य जडीबुटी र गैरकाष्ठ वन पैदावारको सर्वेक्षण तथा पहिचान गरी अनुसन्धानद्वारा तिनीहरुको खेती प्रविधि विकास गरी उपयुक्त प्रविधि जनसमुदायमा हस्तान्तरण गरिनेछ । यस्ता कार्यहरु वन क्षेत्रसंग सम्बद्ध समूहको अलावा कृषि एवं भू-संरक्षण कार्यसंग सम्बन्धित समुदायमा समेत लगिनेछ ।

१७. वनस्पतिमा पाईने औषधीजन्य सुगन्धित तेल र अन्य उपयोगी गुणहरुका सक्रिय तत्वको पहिचान गर्न अनुसन्धान गरिनेछ । अनुसन्धान भै सकेका त्यस्ता तत्वहरुको प्रशोधन तथा पृथकिकरण (Isolation) गरी व्यवसायीकरणमा सहयोग गरिनेछ ।

१८. देशमा विद्यमान वनस्पतिबाट लाभ लिन विदेशी संघसंस्थाहरु समेतसंग सम्बन्धन कायम गर्न सक्ने गरी अन्वेषणात्मक सर्भेक्षण (Bio-prospecting) गरिनेछ । यस्तो सर्भेक्षणबाट नेपालका जैविक स्रोत वा

वनस्पतिको अन्तराष्ट्रिय बजारमा ब्यवसायीकरण हुन सक्ने भएमा नेपाललाई अधिकतम लाभ हुने गरी ब्यवस्था मिलाईनेछ ।

१९. नेपालमा पाईने विशेष बहुमूल्य जडीबुटीहरुको गुण र उपयोगिता वारे अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउन प्रयत्न गरिनेछ ।

२०. जडिबुटी एवं गैरकाष्ठ वन पैदावारसंग सम्वन्धित प्रविधि विकास र परीक्षणमा विद्यमान संघ सस्थाहरुलाई सक्रिय तुल्याइ कार्यगत दोहोरोपना हटाईनेछ ।

## ५. जनचेतना अभिवृद्धि गरी सीप विकास र ब्यवसायीकरण सरलिकृत गर्न सहुलियत प्रदान गर्ने

२१. जडीबुटी र गैरकाष्ठ वन पैदावारको संकलन, ब्यवस्थापन र खेती प्रविधिको बारेमा उत्पादक उपभोक्ता लगायत सर्वसाधारणमा चेतना अभिवृद्धि गराईनेछ र उपयुक्त सीपको विकास गर्न अवसरहरु उपलब्ध गराईनेछ ।

२२. कुनै व्यक्ति वा समूहले जडीबुटी खेती गरी उत्पादन, प्रशोधन र बिक्री वितरण गर्न चाहेमा त्यस्ता व्यक्ति वा समूहलाई राज्यबाट सहुलियत प्रदान गरिनेछ ।

## कार्यनीतिहरुः

१. निजी एवं सहकारिताको माध्यमद्वारा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको खेती संकलन, उत्पादन, प्रशोधन गर्ने कार्यमा श्री ५ को सरकारले सहयोगी (Facilitator), उत्प्रेरक (Catalyst) र नियामक ( Regulator) को भूमिका निर्वाह गर्दै जाने गरी नीतिगत सामन्जस्य, समन्वय र परिमार्जन गरिदै लगिनेछ ।

२. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादन र विकास मार्फत सामूहिक लाभलाई उच्चतम तुल्याउने उद्देश्यले नेपाल अधिराज्यभरी सहकारी संस्थाको स्थापना र विकासलाई प्रोत्साहित र प्रवर्द्धन गरिनेछ । यस्ता संस्थाहरुलाई बैंक वा अन्य संगठित क्षेत्रबाट आवश्यक ऋण सहुलियत उपलब्ध गराउने ब्यवस्थाका साथै निजी एवं सहकारिताको माध्यमबाट ब्यावसायिक रुपमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको खेती, संकलन, प्रशोधन, बिक्री वितरण गर्नकोलागि कृषि विकास बैंक वा अन्य संगठित क्षेत्र मार्फत सुलभ कर्जा उपलब्ध गराउनेतर्फ ब्यवस्था मिलाइनेछ ।

३. नेपालमा उपलब्ध जडीबुटीहरुको वैज्ञानिक एवं सुरक्षित ढंगले भण्डारण (Storing), प्रशोधन (Processing), सम्बेष्टन (Packaging) र सारतत्व निकाल्ने (Extraction) जस्ता कार्यहरु गरी मूल्य अभिवृद्धि गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ । यस्ता कार्यहरुमा स्थानीयस्तरमै लघु एवं मध्यमखालका उद्यमहरुको विकासमा जोड दिइनेछ र श्री ५ को सरकारले यस्ता कार्यहरुको लागि आवश्यक प्राविधिक एवं आर्थिक सहायता उपलब्ध गराउनेछ ।

४. निजी क्षेत्रमा खेती गरिएका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको क्षेत्रफल लगायतका विवरण खोली जिल्ला वन कार्यालयमा दर्ता गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

५. नेपाल अधिराज्यमा उपलब्ध जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको अध्यावधिक अभिलेख तयार गर्न अध्ययन गर्ने गराउने कार्यलाई निरन्तरता दिईनेछ । दिगोपनको पहिचान गर्न यस्ता स्रोतहरुको सर्भेक्षण

तथा तथ्याङ्क संकलन गरी वार्षिक प्राकृतिक उत्पादन परिमाणको तथ्याङ्कको आधारमा संकलन र विक्री वितरणको प्रक्रिया अपनाईनेछ ।

६. सामुदायिक एवं कबूलियती वनक्षेत्रभित्र जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको खेतीलाई बढावा दिन वन कार्य योजनामा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको व्यवस्थापनलाई समावेश गरी विकास गराउने र सम्बन्धित वन उपभोक्ता समूहहरुलाई आवश्यक प्राविधिक ज्ञान, सीप तालीम र आर्थिक सहयोग समेत उपलब्ध गराईनेछ ।

७. सरकारद्वारा ब्यवस्थित वनक्षेत्रभित्र पनि संभाव्यताको आधारमा निजी एवं सहकारिताको माध्यमबाट जडिबुटी एवं गैरकाष्ठ वन पैदावारको खेती संकलन लगायतका कार्यहरु गर्न दिने व्यवस्था मिलाइनेछ ।

८. नेपाल अधिराज्यमा प्रचूर मात्रामा विद्यमान आनुवंशिक स्रोत (Genetic resources) र आनुवंशिक पदार्थ ( Genetic materials) हरुमाथि कानूनी रुपमै हक अधिकार स्थापित गर्न र तिनीहरुको उपयोगबाट प्राप्त हुने लाभको न्यायिक एवं समन्यायिक बाँडफाँडको प्रक्रियालाई ब्यवस्थित तुल्याउन आनुवंशिक स्रोत (पहुँच, उपयोग, लाभको बाँडफाँड) ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ । साथै जडीबुटी एवं गैरकाष्ठ वन पैदावार र सोसंग सम्बन्धित परम्परागत ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास उपर सम्बन्धित व्यक्ति, समुदाय वा राज्यको बौद्धिक अधिकार स्थापित हुने गरी आवश्यक कानून तर्जुमा गरी लागू गरिनेछ । त्यस्ता परम्परागत् ज्ञान, सीप, अभ्यास आदिको  पंजीकरण गरी नेपालका आनुवंशिक सम्पदाहरुको संरक्षणमा सहयोग पुऱ्याइनेछ ।

९. मानव स्वास्थ्य रक्षाको लागि आवश्यक पर्ने औषधि उत्पादन स्वदेशभित्रै गर्नको लागि सम्बन्धित आयुर्वेदिक एवं एलोपैथिक औषधि कारखानाहरुको स्थापना र विकासमा जोड दिईनेछ । त्यस्ता कारखानाहरुका लागि आवश्यक पर्ने कच्चा पदार्थको रुपमा जडीबुटीहरुको पहिचान र परिमाणको आंकलन गरी तिनीहरुको संकलन एवं खेती विस्तार कार्यलाई प्रोत्साहित गरी निरन्तर रुपमा कच्चापदार्थ उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०. स्वदेशी जडीबुटी एवं गैरकाष्ठ वन पैदावारमा आधारित आधुनिक र ठूला उद्योगहरुको स्थापना र विकासमा विदेशी लगानी र प्रविधिलाई समेत प्रोत्साहित गर्न सकिनेछ । साथै परम्परागत ज्ञान र सीपमा आधारित घरेलु उद्योगहरुमा स्वदेशी लगानीलाई नै प्रोत्साहन र संरक्षण गरिनेछ । यसरी कार्य गर्दा उत्पादक, संकलनकर्ता स्वदेशी उद्योग तथा उद्यमीहरुको हित संरक्षणमा पर्याप्त ध्यान पुऱ्याइनेछ ।

११. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारमा आधारित लघु उद्यमहरुको स्थापना, ब्यवस्थापन र विस्तार गर्न जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समिति र घरेलु तथा साना उद्योग कार्यालयहरुको भूमिकाको पनि स्पष्ट किटान गरी कार्यक्रमहरु संचालन गरिनेछन् ।

१२. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको उपलब्धता र संवेदनशीलताको आधारमा कुनै खास क्षेत्रलाई “जडीबुटी क्षेत्र” तोक्ने र त्यस्ता क्षेत्रका स्थानीय समूहहरुको संलग्नातामा जडीबुटीको विकास, ब्यवस्थापन र संरक्षण गर्नुका साथै आय आर्जन तथा रोजगार मुलक कार्यक्रम लागू गरिनेछ ।

१३ जडीबुटी एवं गैरकाष्ठ बन पैदावारको व्यावसायिक विकासका निमित्त वातावरण संरक्षण ऐन तथा नियमावलीले तोकेका प्रावधानहरुको व्यवहारिकता समेत विचार गरी पुनरावलोकन गरिनेछ ।

१४. नेपालमा उत्पादित जडीबुटीहरुको बारेमा अन्तर्राष्ट्रिय स्तरमा चिनारी गराउन व्यापार प्रबर्द्धन केन्द्र, नेपाल उद्योग बाणिज्य महासंघ, विदेशस्थित कूटनीतिक नियोगहरु समेतको सहयोगमा समय समयमा “जडीबुटी मेला” को आयोजना गरिनेछ । स्वदेशभित्र पनि प्रत्येक जिल्लामा यस्ता मेला आयोजना गर्ने र उत्कृष्ट कार्य

गर्नेलाई पुरस्कृत गरिनेछ । साथै गैरकाष्ठ वन पैदावारहरुको विभिन्न स्थानमा नमूना प्रदर्शन स्थलको पनि विकास गरिनेछ ।

१५ जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको क्षेत्रमा कार्यरत भै सक्रिय भूमिका निर्वाह गर्ने सरकारी तथा गैर सरकारी संस्थाहरुलाई समयानुकुल ढंगले सुदृढीकरण गरी तिनीहरुको क्षमता अभिवृद्धि गर्दै लैजान प्रोत्साहित गरिनेछ । निर्यात प्रवर्धनलाई सहयोग पुऱ्याउन विद्यमान क्वारेन्टीन निरीक्षणको क्षमतामा समेत बृद्धि गरिनेछ ।

१६. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको उत्पादन प्रवर्धन एवं बजारिकरणमा स्थानीय निकायको क्षमता अभिवृद्धि गरी यसको विकासमा संलग्न गराईनेछ ।

१७. राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजार सूचनाहरु उत्पादक, संकलनकर्ता, प्रशोधनकर्ता तथा निर्यातकर्ताहरुलाई उपलब्ध गराउने संयन्त्रको विकास गरीनेछ । साथै राष्ट्रिय तथा क्षेत्रगत हिसावमा जडीवुटी सूचना केन्द्रको समेत स्थापना गरिनेछ ।

१८. जडीबुटी उत्पादन, प्रशोधन, बजार व्यवस्थापन जस्ता क्रियाकलापहरुलाई साना किसान विकास कार्यक्रम, ग्रामीण महिलाकालागि उद्यमशील कर्जा कार्यक्रम, महिला विकास कार्यक्रम जस्ता कार्यक्रमहरुसँग एकीकृत ढंगले संचालन गर्ने गरी संस्थागत समन्वय कायम गरिनेछ । त्यसैगरी स्थानिय विकास कोष र गरिवी निवारण कोष मार्फत गरिव, विपन्न र पिछडिएका वर्गहरुकालागि प्रवाहित हुने कर्जाको केही अंश जडीबुटी खेती एवं बजार विस्तार र विविधिकरणको कार्यमा प्रवाहित हुने गरी कृषि ऋणको व्यवस्था मिलाइनेछ ।

१९. सामान्यतः कृषिको लागि अनुपयुक्त ठहरिएको सीमान्त भूमि र कसैको हकभोग र स्वामित्वमा नरहेको पाखो पर्ती जग्गा र भीर पाखाहरुमा उपयुक्तता अनुसार जडीबुटी र गैरकाष्ठ वन पैदावारहरुको खेती गर्न गरिव, भूमिहीन र सीमान्त परिवारहरुलाई सामुहिक रुपमा प्रोत्साहित गरिने छ ।

२०. गरिवीको रेखामुनी रहेका जनताहरुलाई जडीबुटी एवं गैरकाष्ठ वनपैदावारहरुको संकलन तथा खेती विस्तार सम्बन्धी तालीम, प्रदर्शन र प्रचार प्रसार आदिको माध्यमद्वारा जनचेतना अभिवृद्धि गरी खेती विकास र संकलन कार्यमा अभिप्रेरित गरिनेछ । यसको लागि ग्रामीण क्षेत्रका महिलाहरुलाई विशेष प्राथमिकता दिइनेछ।

२१. नेपालका खास जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको न्यूनतम गुणस्तर झल्कने मापदण्ड (Standard) कायम गरी तेस्रो मुलुकसंगको व्यापार प्रवर्धन गर्नमा सहयोग पुऱ्याइनेछ । उत्पादित जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको गुणस्तर जस्तै वस्तु सुरक्षण (Material safety), उत्पादन विश्लेषण (Product analysis), उत्पादन प्रमाणीकरण (Product certification), आदि प्रमाणित गर्न राष्ट्रिय स्तरमा साधन सम्पन्न प्रमाणीकरण प्रयोगशालाको व्यवस्था गरिनेछ र क्षेत्रीय स्तरमा समेत यस्ता प्रयोगशालाहरु क्रमशः व्यवस्था गर्दै लगिनेछ ।

२२. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको पहिचान, परीक्षण लगायत यिनीहरुबाट उत्पादित औषधि तथा अन्य उत्पादनको परीक्षण र गुणस्तर निर्धारणकालागि प्रयोगशालाहरुको स्तर वृद्धि गरिनेछ ।

२३. मुलुकभित्र कच्चापदार्थको रुपमा आयात हुने जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको न्यूनतम गुणस्तर कायम गरी त्यस्तो गुणस्तर पुग्ने वस्तुहरुलाई मात्र मुलुकभित्र आयात गर्न दिने व्यवस्था मिलाइनेछ ।

२४. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापनको लागि आवश्यक पर्ने दक्ष एवं प्राविधिक जनशक्तिको सहज र भरपर्दो आपूर्तिको लागि श्री ५ को सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद, नेपाल अधिराज्यका विभिन्न विश्वविद्यालयहरु र

आवश्यकतानुसार विदेशी शिक्षण संस्थाहरुसंग समेत संस्थागत सम्पर्क र समन्वय कायम गरी उपयुक्त व्यवस्था मिलाईनेछ । जडीवुटी तथा गैरकाष्ठ वन पैदावार सम्वन्धी विषय प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी सबै उच्च शिक्षाको पाठ्यक्रममा समावेश गरिनेछ ।

२५. सरकारी स्वामित्वमा संचालित कम्पनीहरुलाई क्रमशः जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको खेती विस्तार, संकलन, उत्पादन, प्रशोधन एवं बजार प्रबर्द्धनकालागि तत् सम्बन्धी संयन्त्रको विकास गरी बजार मागको आधारमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारमा आधारित विभिन्न गुणस्तरीय उत्पादनहरु उत्पादन गरी सर्वसाधारणलाई प्रोत्साहन गर्ने संस्थाको रुपमा विकास गराइनेछ ।

२६. मुलुकको भौगोलिक एवं वातावरणीय विविधताको आधारमा उपयुक्त समय र स्थानमा उपयुक्त जातका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको व्यावसायिक खेतीलाई प्रोत्साहित गरिनेछ र यसको लागि आर्थिक दृष्टिकोणले महत्वपूर्ण मानिएका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको खेती प्रविधि विकास गर्दै उद्यमी कृषकहरुलाई उपयुक्त खेती प्रविधि हस्तान्तरण गरिनेछ ।

२७. जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादन, संकलन, उपयोग एवं व्यवस्थापन कार्यमा विद्यमान परम्परागत पद्धति र प्रविधिमा सम-सामयिक सुधार गर्नुको साथै आधुनिक प्रविधिको विकास र विस्तारमा जोड दिइनेछ ।

२८. कृषियोग्य भूमिमा अन्तरवाली प्रणाली अन्तरगत कृषिबालीको साथसाथै जडीबुटी खेती गर्ने कार्यमा कृषकहरुलाई प्रोत्साहित गर्नुको साथै यसकोलागि उनीहरुलाई आवश्यक पर्ने प्राविधिक ज्ञान र सल्लाह समेत उपलब्ध गराइनेछ ।

मितिः २०६१।८।१५ मा प्राप्त